# मनाङ ङिस्याङ गाउँपालिकाका अध्यक्ष कान्छा घले ज्यूद्धारा गाँउसभामा प्रस्तुत आर्थिक वर्ष २०७८/०७९को

## वार्षिक नीति तथा कार्यक्रम

यस गरिमामय गाउँसभाका सभाध्यक्ष महोदय,
वडाध्यक्ष ज्युहरु
कार्यपालिकाका सदस्य ज्युहरु
गाँउ सभाका सदस्य ज्युहरु
कर्मचारी मित्रहरु,सञ्चारकर्मी,सुरक्षाकर्मी ज्यूहरु,
जुम लिंकमा उपस्थित सम्पूर्ण महानुभावहरु,

सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि नेपालको इतिहासको विभिन्न कालखण्डमा प्राण आहुती दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुको स्मरण गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

सन् २०२० को सुरुवात देखिनै कोभिड १९ को विश्वव्यापी महामारीका कारण जनस्वास्थ्य र मानव जीवनमा समेत शताब्दीकै सबैभन्दा ठूलो संकट पैदा भएको छ । यस महामारीबाट संक्रमित भइ जीवन गुमाउनुहुने सम्पूर्ण शोकाकूल परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछु। उपचाररत सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु। संक्रमण फैलिन नदिन र यस महामारीमाथि विजय प्राप्त गर्न आगामी दिनमा अझ बढी सतर्कता समन्वय र एकता आवश्यक भएकोले एकजुट भएर मन, वचन र कर्मले लाग्न म सबै क्षेत्रलाई अपिल गर्दछु। यस गाउँपालिकामा संक्रमण रोकथामका लागि सजगता अपनाउन यस गाउँपालिकालाई सहयोग गर्नुहुने स्वास्थ्यकर्मीहरु, कर्मचारीहरु,जनप्रतिनिधिहरु,सुरक्षाकर्मीहरु स्वास्थ्य सामग्री सहयोग गर्ने व्यक्ति तथा संघ संस्था तथा गाउँपालिकाबासी सबैमा हार्दिक आभार प्रकट गर्दै आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

सभाध्यक्ष महोदय, स्थानीय तहको गठन पश्चात् आज पाँचौं वर्षको यस गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्नपाउँदा मलाई खुसी लागेको छ । स्थानीय तहको निर्वाचन पश्चात् को यो अन्तिम वर्षको नीति तथा कार्यक्रम हो । कोभिड १९ को कारणले चालू आर्थिक वर्षमा हामीले सोचे अनुसारको उपलब्धि हासिल गर्न नसकेतापनि केही उल्लेखनीय कामहरु भएको स्मरण गराउन चाहन्छु । गाउँपालिकाको सातौं गाउँसभाबाट तय गरिएका पूर्वाधार निर्माणका योजना हरुमध्ये अधिकांश सम्पन्न भएका र केही सम्पन्न हुने अवस्थामा छन् र त्यस्ता अधिकांश योजनाहरु स्थानीय उपभोक्ताको प्रत्यक्ष संलग्नता र सहभागितामा सम्पन्न भएका र हुन लागेका छन् भने ठेक्का प्रक्रिया मार्फत् गाउँपालिकाको प्रशासकीय भवन निर्माणकार्य भइरहेको छ। संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान तर्फका योजनाहरु मध्ये उपभोक्ता समितिबाट संञ्चालित हुन सक्ने सबै योजना सञ्चालित छन् ।

कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथामका लागि गाउँपालिकाको सक्रियतामा सबै वडाहरुमा वडागत बजेट विनियोजन गरी कोभिड भवन तथा आइसोलेसन वार्ड समेत निर्माण कार्य अघि बढाइएको छ ।हुम्डे स्वास्थ्य चौकीलाई कोभिड अस्थायी अस्पताल बनाई आवश्यक स्वास्थ्य सामग्री व्यवस्थापन गरिएको छ । एन्टिजेन र पी.सी.आर परिक्षणलाई पहूँचयोग्य बनाइएको छ। यसका लागि आइसोलेशन व्यवस्थापन गर्ने,जोखिम वहन गरी निरन्तर सेवा दिने स्वास्थ्य कर्मी,कर्मचारी लगायत सबै सम्बन्धित जनप्रतिनिधि तथा स्थानीय जनता प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।
कोरोना संक्रमण नियन्त्रण रोकथामका लागि नेपाल सरकारले जारी गरेको लकडाउनको अवधिमा स्थानीय जनतालाई कोरोना तथा अन्य संभावित रोगको उपचारका लागि लकडाउन अवधिमै औषधि स्वास्थ्य सामग्रीहरुको पर्याप्त भण्डार र वितरणको व्यवस्था मिलाइएको छ । स्वास्थ्य संस्थामा स्वास्थ्य क्षेत्रको जनशक्तिको अभाव नहोस् भन्नका लागि स्वास्थ्यसंग सम्बन्धित कर्मचारी करारमा भर्ना गरी स्वास्थ्य सेवाको सुनिश्चितता गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ र ६६ वमोजिमका  राजश्व परामर्श समिति र स्रोत अनुमान तथा बजेट निर्धारण समितिको सिफारिसको आधारमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम,अनुदान, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, प्राप्त मार्गदर्शनमा रही दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिको तर्फबाट गाउँकार्यपालिकाबाट स्वीकृत तपशिल बमोजिमको आगामी आ.व. २०७८।०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## गाउँपालिकाका नीति तथा कार्यक्रम र वजेटका प्राथमिकताहरु

अब म गाउँपालिकाका प्राथमिकता तथा आगामी बजेटका सिद्धान्तहरु प्रस्तुत गर्न चाहन्छु ।

हाम्रो देश र समग्र विश्व नै निरन्तर कोरोना संक्रमणको अप्ठयारो परिस्थितिमा गुज्रिएको यस  परिवेशमा देश र जनताका प्राथमिकताहरु केही परिवर्तन भएका छन् । जनताको जिउज्यान र स्वास्थ्यको सुरक्षा विश्वव्यापी प्राथमिकताको विषय बनेको छ । केही समयदेखिको लकडाउनको कारण विश्व, राष्ट्रिय तथा स्थानीय अर्थतन्त्र गम्भीर संकटमा परेको अवस्थामा अर्थतन्त्रका ती पक्षहरुलाई पुनर्जीवित गर्ने प्राथमिकता सिर्जना भएको छ । अर्थ व्यवस्थामा परेको असरका कारण रोजगारी गुमाउनेको संख्या बढ्दो छ । यसका लागि बैकल्पिक रोजगारीको अवस्था सिर्जना गर्नु सबै तहका सरकारको दायित्व बनेको छ । यी विषयहरुका अतिरिक्त स्थानीय अर्थव्यवस्थामा आत्मनिर्भरता कायम गर्नु, बहुपक्षीय साझेदारी वृद्धि गरी विकास क्रियाकलापलाई निरन्तरता दिनु लगायतका विषयहरुको सेरोफेरोमा गाउँपालिकाका प्राथमिकता, गाउँपालिकाले अबलम्बन गर्ने नीति, कार्यक्रम तथा बजेटका प्राथमिकताहरु देहाय बमोजिम हुनेछन् ।

- कोरोनाको संक्रमण तथा अन्य सरुवा रोग नियन्त्रण, रोकथाम तथा पूर्व सजगता
- कोरोना संक्रमण जोखिमका संभावना भएका व्यक्तिहरुको लागि क्वारेनटाईन तथा आइसोलेशन व्यवस्थापन
- प्रभावित अर्थव्यवस्था पुनर्स्थापना तथा रोजगारी सिर्जना
- पूर्वाधार विकास
- आर्थिक आत्मनिर्भरता वृद्धि
- साझेदारी विकास नीति

**आगामी आ.व. २०७८।७९को वार्षिक योजना तथा बजेट तर्जुमा गर्दा देहायका विषयहरुलाई आधार मानिएको छ ।**

- नेपालको संविधान र नेपाल सरकारको नीति तथा कार्यक्रम
- आवधिक योजनाले परिलक्षित गरेका विषयहरु
- प्रादेशिक नीति तथा कार्यक्रम
- दीगो विकास र अन्तर्सम्वन्धित विषयहरु
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ का प्रावधानहरु
- स्थनीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४ को व्यवस्थाहरु

***बजेट तथा योजना प्राथमिकीकरणका आधारहरु***

*आगामी आ.व. को वजेट तथा योजना प्राथमिकताका लागि निम्न विषयहरुलाई आधार मानिएको छ ।*

- स्थानीय स्तरबाट सिफारिश भइ आएका जनतालाई प्रत्यक्ष सेवामा सहयोग गर्ने योजना तथा कार्यक्रमहरु
- राष्ट्रिय तथा स्थानीय प्राथमिकताका विषयहरु
- सुशासन कायम गर्न योगदान पुऱ्याउने विषयहरु
- राजश्व वृद्धिमा सहयोगी हुने कार्यहरु
- विकास तथा समृद्धिमा योगदान पुऱ्याउने क्षेत्रहरु
- दिगो पूर्वाधार विकासमा सहयोग पुरयाउने योजना तथा कार्यक्रमहरु

- वातावरण संरक्षण, मानव संशाधन विकास र सन्तुलित विकासमा टेवा पुऱ्याउने विषयहरु

प्रस्तुत नीति योजना तथा कार्यक्रमको सफलतापूर्वक कार्यान्वयन तथा लक्षित उपलब्धिहरु प्राप्त गर्न देहाय बमोजिमका नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. स्वास्थ्य, विपद व्यवस्थापन तथा राहत सम्बन्धि नीति

- सबै वडाहरुमा रहेका अधारभूत स्वास्थ्य केन्द्रको सेवालाई चुस्त दुरुस्त बनाउने नीति लिइनेछ ।
- बाढी पहिरोबाट क्षति पुगेका अत्यावश्यक संरचनाहरु बाटोघाटो,खानेपानी,पुल आदिको तुरुन्त मर्मत संभार गरी सञ्चालनमा ल्याईनेछ ।
- कोरोना भाईरस लगायत अन्य प्रकोपजन्य सरुवा रोग बाट बच्न र बचाउन अपनाउनुपर्ने उपायहरु सम्बन्धि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड १९को जोखिमबाट सुरक्षित रहन तथा प्रकोप कम गर्न गाउँपालिका स्तरमा आवश्यक पर्ने थप क्वारेन्टिन स्थापना गर्ने र त्यसलाई व्यवस्थित गर्ने काम गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र जनस्वास्थ्य सेवालाई भरपर्दो, नागरिकमैत्री बनाउन आवश्यक परिमाणमा औषधि तथा स्वास्थ्य सामग्री निशुल्क वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य संस्थाको सुदृढीकरण तथा जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी वनाइने र आगामी आ.व.को प्रारम्भदेखि नै हुम्डे स्वास्थ्य चौकीमा भिडियो एक्सरे सेवा र एक्सरे सेवा सुरुवात गरिनेछ र हुम्डे स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पतालको रुपमा विकास गर्न पूर्वाधार निर्माण कार्यारम्भ गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्र रहेका स्वास्थ्य संस्थाको संस्थागत सुदृढीकरणमा जोड दिईने छ ।
- गाउँक्षेत्रमा आइपर्ने प्राकृतिक विपत्तिहरुबाट हुने क्षति न्युनीकरण गर्न प्रकोप न्युनीकरण सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । प्रकोप सम्बन्धि पूर्व सूचना प्रणाली, प्रविधिहरुको प्रयोग लगायत विभिन्न विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गर्ने नीति लिइनेछ ।
- प्राकृतिक प्रकोपबाट जनधनको क्षति व्योहोरेका नागरिकलाई तत्काल राहतका लागि उचित सहयोग गर्ने नीति लिइनेछ । यसको लागि विपद् व्यवस्थापन कार्यका लागि आवश्यक पर्ने रकम विनियोजन गरिनेछ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम अन्तर्गत सबै स्वास्थ्य संस्थाहरुका प्राविधिकहरुलाई स्थानीय वडाका विद्यालयहरुमा स्वास्थ्य शिक्षा अभिमुखीकरण प्रदान गर्ने, वडाका स्वास्थ्य संस्थाबाट नियमित रुपमा विद्यालय भिजिटको व्यवस्था मिलाइनेछ ।
- गाउँघर क्लिनिक मार्फत आम नागरिकहरुको टोलमा पुगी प्रेशर सुगर लगायतको स्वास्थ्य परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति, स्वास्थ्य कर्मीहरु, महिला स्वास्थ्य स्वयम् सेविकाहरुको क्षमता अभिवृद्धिको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पूर्ण विद्यालय उमेरका किशोरीहरुलाई निशुल्क सेनिटरी प्याडको व्यवस्था गरिनेछ ।
- मातृ तथा नवशिशु कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- परिवार नियोजन किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- आवश्यकता अनुसार विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गतको सुत्केरी तथा गर्भवती महिलाको हवाई उद्धारका कार्यलाई समन्वयात्मक ढंगले कार्यान्वयन गरिनेछ । जसले गर्दा सुत्केरी तथा गर्भवती महिलाको अकालमा ज्यान जान दिनेछैन ।
- विपन्न नागरिक तथा जेष्ठ नागरिकको हकमा सहुलियतको व्यवस्था मिलाईनेछ र उक्त कार्यको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

## २. अर्थतन्त्रको पुनर्स्थापना तथा वैकल्पिक रोजगार प्रवर्धन र स्वरोजगार कार्यक्रम

- कोभिड १९ ले पर्यटन व्यवसायमा परेको असरका कारण गाँउपालिका क्षेत्रको स्थानीय अर्थतन्त्रमा समेत गम्भिर असर परेको छ । पर्यटन व्यवसायी तथा यस क्षेत्रमा कार्यरत मजदुरहरुको आय र रोजगारीमा परेको प्रभावलाई कम गरी आगामी दिनमा पर्यटन व्यवसायलाई पुनर्जीवन दिनका लागि पर्यटन प्रवर्द्धनका विभिन्न कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । यसका लागि पर्यटकहरुलाई आकर्षक कार्यक्रम ल्याई सर्वप्रथम आन्तरिक पर्यटन प्रवर्द्धन गर्न पर्यटक प्याकेज कार्यक्रमहरु संचालन गर्न स्थानीय व्यवसायीहरुलाई उत्प्रेरित गरिने छ र सो को सहजीकरण तथा समन्वयकर्ताको भूमिका गाँउपालिकाले निर्वाह गर्ने छ ।

- नेपाल सरकारले राष्ट्रसेवकलाई ल्याएको Leave Tourism लाई यस क्षेत्रमा आकर्षित गर्न विशेष कार्यक्रमहरु अवलम्वन गरिनेछ ।
- असर परेको पर्यटन व्यवसायलाई पुनर्जीवन दिन छिमेकी गाउँपालिका, पर्यटन सम्वद्ध संघसंस्थाहरु तथा निजी र अन्य सार्वजनिक क्षेत्रसँगको सहकार्य र समन्वयलाई विशेष ध्यान दिई समन्वयात्मक ढंगले कार्यक्रमहरु संचालन गरिने छ ।
- अनलाइन पर्यटन सूचना प्रणालीलाई व्यवस्थित गरिनेछ ।
- पर्यटन व्यवसायको पुनरुत्थान नहुँदा सम्मको लागि कृषि र पशुपालन व्यवसायलाई वैकल्पिक पेशा र व्यवसायको रुपमा विकास र संचालन गर्न कृषकहरुलाई आकर्षित गर्न आकर्षक प्याकेज कार्यक्रमहरु संचालन गरिने छ । त्यसका लागि कृषक अनुदान, निशुल्क विउविजन वितरण, कृषि आधुनिकीकरणका लागि मेशिनरी औजारमा अनुदान, पकेट विकास कार्यक्रम जस्ता कार्यक्रमहरु संचालन गरिने छ ।
- गाउँपालिका भित्रका वेरोजगार, मजदुर एवम् विभिन्न पेशाकर्मीहरुको तथ्याङ्क संकलन गरी अद्यावधिक गरिने तथा प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।

### *३. भौतिक पूर्वाधार विकास नीति*

- योजनाबद्ध रुपमा विकास निर्माणका कार्यहरु अघि बढाइनेछ । आवधिक गाउँ विकास योजनालााई आगामी आ.व. २०७८।७९मा अद्यावधिक गरिनेछ ।
- ठूलो लगानी आवश्यक पर्ने र गाउँपालिकालाई प्राप्त बजेटले अपर्याप्त हुने खालका महत्त्वपूर्ण योजनाको सञ्चालनकालागि संघ, प्रदेश, तथा अन्य संस्था र निजी तथा सामुदायिक क्षेत्रसंग सहकार्य गरिनेछ ।
- भौगोलिक परिवेशलाई मध्यनजर राख्दै गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरु र उपभोक्ता समिति सञ्चालन कार्यविधि सम्बन्धि ज्ञान भएका उपभोक्ताहरुलाई योजना निर्माण तथा कार्यान्वयन प्रकृयामा सहभागि गराइने नीति लिइनेछ । साथै रु १० लाख वा सो भन्दा बढी रकमका योजनाहरु ठेक्का प्रक्रियाबाट सञ्चालन गरिने नीति लिइनेछ ।
- गाउँपालिकाबाट सञ्चालन हुने योजनाहरु मंसिर मसान्त भित्रमा सम्झौता गरिसक्ने नीति लिइनेछ ।
- गाउँपालिका भित्र शाखा सडक मर्मत सुधार तथा पैदलमार्ग निर्माण र व्यवस्थापनलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिका क्षेत्रभित्रमा स्वच्छ र शुद्ध खानेपानीको सुविधा नपुगेको स्थानमा खानेपानीको सुविधा पुर्‍याउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- गाँउपालिकाको कार्यालय निर्माणका लागि जग्गा प्राप्ति भइ भवन निर्माण गरिएको जानकारी गराउन चाहन्छु । साथै थप संरचना निर्माण गर्ने कार्यका लागि संघ तथा प्रदेशसँग समन्वय गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा उपभोक्ता समिति मार्फत् गरिने निर्माणमा अनिवार्य लागत सहभागिता हुनुपर्ने नीतिलाई निरन्तरता दिईने छ ।।
- साझेदारी कार्यक्रम सञ्चालन गर्दा पर्यटन पूर्वाधार, उत्पादन, धर्म संस्कृति, तथा चेतनामूलक कार्यक्रम तथा योजनाहरु प्राथमिकता दिइनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटकहरुको रुची, रोजाई तथा आवश्यकता समेतलाई मध्येनजर राख्दै गाँउपालिका क्षेत्रको तलेखु देखी मनाङ सम्म वैकल्पिक पदमार्गको निर्माण कार्य सुरुआत गरिने छ ।
- पर्यटन विकासका लागि विश्रामस्थल, पार्किङस्थल, सार्वजनिक शौचालय, सून्दर बजार क्षेत्र निर्माणका लागि बहुआयामिक पर्यटनको अवधारणा अनुरुप कार्य अघि बढाइनेछ ।

### ४. शिक्षा सम्बन्धि नीति

- कोभिड १९ का कारण विद्यालयको पठन पाठनमा नकरात्मक असर परेको छ । विश्वव्यापी संक्रमण रोकिने अवधिको सुनिश्चितता नभएका कारण सभावना अनुसारका वैकल्पिक शिक्षाका उपायहरु अवलम्वन गरी पठन पाठन कार्यलाई अगाडी वढाईने छ ।
- विद्यार्थी संख्या अत्यन्त न्युन भएका विद्यालयहरु मर्ज गर्ने सरकारको नीति वमोजिम आवश्यकता र औचित्यका आधारमा विद्यालयहरु मर्ज गर्ने नीति अवलम्वन गरिने छ ।
- विद्यालयको भौतिक पूर्वाधार र सुविधाहरुको न्यूनत्तम मापदण्ड निर्माण गरी उक्त मापदण्ड अनुसार विद्यालय विकास गरिनेछ ।
- सबै विद्यालयमा इन्टरनेट सेवाको पहूँच पुर्‍याइने नीति लिइनेछ ।

- समग्र शैक्षिक प्रशासनलाई व्यवस्थित गर्न गाउँ शिक्षा ऐन तथा नियमावली एवम् आवश्यक कार्यविधि तथा मापदण्डहरु तयार गरी लागू गरिनेछ ।
- शिक्षाको पहुँचमा सबै बालबालिकालाई ल्याउन विशेष कार्यक्रम सञ्चालन गरिनेछ । अभिभावक शिक्षालाई विस्तार गरिनेछ
- सबैका लागि शिक्षा र गुणस्तरीय शिक्षाको प्रत्याभुति दिंदै यस क्षेत्रमा घट्दै गईरहेको विद्यार्थी संख्यालाई वृद्धि गर्न विशेष पहल गरिने छ ।
- विद्यार्थीहरुको चौतर्फी विकासका लागि अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने र अन्तर विद्यालय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ ।
- विद्यालय शिक्षक शिक्षिकाहरुको क्षमता अभिवृद्धिका लागि मागमा आधारित क्षमता विकास तालिम सञ्चालन गर्ने तथा प्रधानाध्यापक, शिक्षक,कर्मचारीहरुलाई इमान्दार नैतिकवान र कर्तव्यनिष्ठ बन्ने वातावरण बनाइनेछ ।
- विद्यालय व्यवस्थापनका लागि आवश्यक पर्ने विभिन्न तालिमको व्यवस्था गरी विद्यालय सुशासनमा जोड दिईने छ ।
- औपचारिक शिक्षामा संलग्न नभएकाहरुलाई प्रौढ शिक्षा, अनौपचारिक शिक्षाा जस्ता शिक्षाका वैकल्पिक उपयहरु अपनाई पूर्ण साक्षर गाउँपालिका वनाउने नीति लिइनेछ ।
- गाउँपालिकालाई बालमैत्री गाउँपालिका बनाई बाल अधिकार संरक्षण तथा बालबालिकाको क्षमता अभिवृद्धिको लागि कार्यक्रम सञ्चालन गरिने छ ।

## ५. कृषि,पशुपालन तथा सहकारी सम्बन्धि नीति

- कृषिबालीहरुको उत्पादकत्व वृद्धि गर्न कृषक समूहको विकासमा जोड दिने नीति लिइनेछ ।
  कृषि क्षेत्रको विकासमा सहकारी संस्था कृषक कृषि समूहलाई अभिमुखीकरण तथा तालिमको व्यवस्था गरिनेछ ।
- विषालु र रसायनमुक्त खानेकुराहरु निरुत्साहित गर्दै अर्गानिक खानेकुराहरु बेच्न तथा खान प्रोत्साहित गरिनेछ ।समुदाय तथा करेसाबारीमै प्राप्त हुने औषधिजन्य वनस्पतिहरुको प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ ।
- यस गाउँपलिका क्षेत्रमा थप स्याउ पकेट क्षेत्र विकास गरी स्याउ खेती गर्ने किसानलाई स्याउको विरुवामा अनुदान दिने व्यवस्था गरिनेछ । विरुवा र प्राविधिक सहयोगका लागि सहजीकरण गरिनेछ ।
- पहिचानमा आएका पकेट क्षेत्र स्याउ ,आलु ,फापर आदिको लागि आवश्यक व्यवस्थापन गर्न प्रदेश र संघसंग सहकार्य गरिनेछ ।
- स्याउ भण्डारण केन्द्र तथा प्रशोधन केन्द्र स्थापना गर्न पहल गरिनेछ ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमको उद्देश्य बमोजिम पकेट, ब्लक, जोन र सुपर जोन को अवधारणा बमोजिम सघन बाली उत्पादन प्रशोधन र बजारीकरण कार्यमा संलग्नलाई संघ र प्रदेशमा जोडिदिन प्रोत्साहनको नीति अबलम्बन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका तथा कोभिड १९को कारणले पुरानो व्यवसाय गुमाएका युवाहरुलाई लक्षित गरी उन्नत पशुपालन तथा व्यवसायिक कृषि पेशालाई प्रोत्साहन गरिनेछ ।
- याक, च्याङग्रा, भेडाबाखा आदि पालनमा प्रोत्साहन गर्ने व्यवस्था तथा नतिजाको आधारमा कृषक पुरस्कारको व्यवस्था गरिनेछ ।
- पशुपंक्षी लाग्ने महामारी रोग नियन्त्रणका लागि निशुल्क खोप तथा आवश्यक पर्ने औषधिको व्यवस्था गरिनेछ ।
- घाँसको विउ र विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।
- कृषि उपजको यथोचित मूल्य प्राप्त गर्न कृषक समूह कृषि सहकारी संस्था तथा उद्यमीहरु मध्येबाटै बजार समिति गठन गरी स्थानीय उत्पादनको बजारीकरणको पहल गरिनेछ । कृषि उपजको बजारीकरण, उत्पादित सामग्रीहरुको भण्डारण तथा ढुवानीमा निजी तथा सहकारी संस्थाहरुलाई उत्प्रेरणा दिने कार्यमा संघ र प्रदेशसंग समेत सहकार्य गरिनेछ ।
- स्थानीय स्तरमा तरकारीमा आत्मनिर्भर हुने प्रयास स्वरुप कृषकहरुलाई मागका आधारमा तरकारी तथा फलफुलका विउविजनहरु निशुल्क रुपमा वितरण गरिने छ र कृषि औजार, उपकरणमा विशेष अनुदान उपलव्ध गराईने छ ।
- कृषकहरुको ज्ञान,सीपलाई दक्ष बनाउन स्तरोन्नति गर्न तालिम तथा गोष्ठिको आयोजना गरिने छ ।
- सहकारी संस्थाको विकास र विस्तारका लागि आवश्यकताका आधारमा सहकारीकर्मिलाई आधारभुत सहकारी तालिम तथा सहकारी व्यवस्थापन तालिम उपलव्ध गराईने छ र उच्चस्तरीय सहकारी तालिमका लागि प्रदेश तथा केन्द्रमा पहल गरिने छ ।

- सिंचाइ योग्य फाँटहरु तथा थप कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानी र जमिनको उपयोग गरी कृषि उत्पादनमा वृद्धि गर्ने नीति लिइनेछ ।
- बाँझो जग्गालाई कुषि उत्पादनमा उपयोग गरी कृषि उत्पादन वृद्धि गर्ने नीति लिइनेछ।

### ६. उद्योग वाणिज्य तथा बजार व्यवस्थापन

- प्रचलित कानुन बमोजिम स्वीकृति नलिएका र दर्ता नभएका उद्योग, व्यापार तथा अन्य जुनसुकै व्यवसायलाई अनिवार्य रुपमा दर्ता गराउने नीति लिइनेछ । दर्ता नगरी संचालनमा रहेका तथा नवीकरण नगरेका व्यवसायीलाई नवीकरण र दर्ता गर्न सहजीकरण गरिनेछ ।
- बाटोको क्षेत्राधिकार भित्र कुनै पनि घर निर्माण गर्न पाइने छैन । पुराना बनीसकेका घरहरुको हकमा भने बिस्तारै प्रक्रियामा जाने नीति लिइनेछ ।
- गाँउपालिका क्षेत्र भित्र जुनसुकै प्रयोजनका लागि वन्ने घरहरु निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गरी मात्र निर्माण गर्नुपर्ने नीति अवलम्वन गरिने छ । यसका लागि आवश्यक पर्ने कानुनी आधारहरु तयार गरिने छ ।
- व्यापार व्यवसाय तथा होटल संचालकहरुले आफनो व्यवसाय सँग सम्वन्धित मुल्यसुची अनिवार्य रुपमा सवैले देख्ने गरी राख्नुपर्ने व्यवस्था लागु गरिने छ ।

### ७. पर्यटन विकास वातावरण तथा सरसफाई नीति

- यस मनाङ डिस्याङ गाँउपालिकाको मुख्य पेशाको रुपमा रहेको पर्यटन क्षेत्रको विकास र प्रवर्धनका लागि उच्च प्राथमिकताका साथ कार्य गरिने छ ।
- कोभिड १९ का कारण धरासायी वनेको पर्यटन व्यवसायलाई पुनर्जिवन दिनका लागि विभिन्न प्रवर्धनात्मक कृयाकलाप संचालन गरिने छ ।
- धार्मिक गुम्बाहरु ऐतिहासिक तथा धार्मिक स्थान मेलेरेप्पा केभ, ऐतिहासिक घलेराजाको दरबार, ने गुफा, स्वर्गद्वारी आदिको सून्दरता संरक्षणका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- पर्यटकहरुलाई खान, बस्न, पथप्रदर्शन गर्ने कार्यमा सहयोग पुग्ने गरी हस्पिटालिटि म्यानेजमेन्ट सम्बन्धि तालिम कार्यक्रमलाई जोड दिईने छ ।
- गंगापूर्ण ताल मिलेरेपा गुफा ,ढिकुरपोखरी, आइस लेक, ग्रीन लेक पिसाङ आदि गाउँका पर्यटकीय स्थल संरक्षण र सम्वर्द्धन गरिनेछ ।
- वैकल्पिक पर्यटक पदमार्ग विकास र व्यवस्थापन गर्ने नीति लिइनेछ । तल्लो पिसाङ हुँदै हुम्डे मनाङ जाने सडक मार्ग उच्च हिमपातका कारण बारम्बार अवरुद्ध भइरहने र बाटो खुलाउन वर्षेनी ठूलो लगानी गर्नुपर्ने हुँदा यसको विकल्पको रुपमा माथिल्लो पिसाङ, घ्यारु, ङावल हुँदै हुम्डे मनाङ लगायतका मथिल्लो भेगमा यातयात सूचारु गर्न वैकल्पिक सडकको रुपमा स्तरोन्नतिको कार्यलाई अघि बढाइने नीति लिइनेछ ।
- यस गाउँपालिका क्षेत्रका सबै बस्नी तथा पर्यटकीय क्षेत्रलाई समेट्ने गरी वैकल्पिक पदमार्गको निर्माण कार्य आरम्भ गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका धार्मिक, साँस्कृतिक, पर्यावरणीय, साहसिक पर्यटन (रक क्लाइम्बिङ, स्नो स्केटिङ आदि) लाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकालाई व्यवस्थित पर्यटकीय गन्तव्य वनाउन सघन सूचन तथा तथ्यांक सहितको डकुमेन्ट्री निर्माण गरिनेछ ।
- पर्यटन प्रवर्द्धन गर्न गाँउपालिका क्षेत्रको पहिचान दिने डकुमेन्ट्री, फोटोहरु,पर्चा पम्प्लेट मार्फत् प्रचार प्रसार गरिने छ ।
- गाँउको सौन्दर्य, प्राकृतिक सम्पदा तथा वातावरणको संरक्षण तथा सम्वर्धनका लागि वातावरण संरक्षण तथा सरसफाईलाई जनस्तरबाटै गर्ने र गराउने गरी स्थानीय जनताको उत्प्रेरणात्मक परिचालन गरिने छ ।
- सडक छेउ तथा वस्तीहरुका फोहोर व्यवस्थापन गर्न टोल सुधार समिति गठन गरिनेछ ।

### ८. राजश्व र वित्तीय व्यवस्थापन सम्बन्धि नीति

- आर्थिक ऐनले निर्दिष्ट गरेका कर,दस्तुर ,सेवा शुल्कबाट गाउँपालिकाको आयस्रोत अभिवृद्धि गरिनेछ ।
- संकलित राजश्व वडाहरुबाट इन्ट्री गर्न मिल्नेगरी सफ्टवयर सञ्चालन गरिनेछ ।

- गाँउपालिका क्षेत्रभित्र संचालन हुने सवै पेशा व्यवसायलाई करको दायरामा ल्याईने छ। आगामी आं.व. देखिनै न्युनतम करका दरहरु कायम गरी करारोपण गरिने छ।
- प्राकृतिक सोत साधनको उपयोग, विक्रि वितरण तथा उत्खननमा उल्लेखनीय राजश्व संकलन हुन नसकेको र अवैधानिक तरिकाले उत्खनन तथा संकलन गर्ने नदिजन्य सामाग्रीको कानुनी तरिकाले संकलन तथा विक्रि वितरण गर्नका लागि विशेष पहल गरिने छ।
- नेपालको संविधान, क्षेत्रगत कानुनले दिएको अधिकार प्रयोग गरी विभिन्न क्षेत्रलाई करको दायरामा ल्याईने छ।
- करदाताको सुविधा तथा सहुलियतलाई ध्यानमा राखि स्थायी लेखा नम्वर लिने, मुल्य अभिवृद्धि करमा जान चाहाने करदाताका लागि नेपाल सरकारका सम्वन्धित निकाय सँग समन्वय गरी स्थानीय तहमै कर डोर ल्याउने कार्यमा लागि गाँउपालिकावाट सहजीकरण गरिने छ।
- गाउँपालिकाको दीर्घकालीन आयस्रोत अभिवृद्धिका लागि मालपोत करलाई जग्गाको मूल्याङ्कनको आधारमा लिइने व्यवस्था मिलाइनेछ। घरधुरीकरलाई विस्थापन गरी एकीकृत सम्पत्ति कर लागू गर्ने कार्य अगाडी बढाइनेछ।
- करको दायरा फराकिलो बनाइनेछ। गाउँपालिका भित्र संकलन हुने सबै प्रकारका राजश्व रकम इ विलिङ मार्फत् गर्नेगरी कार्यारम्भ गरिनेछ।
- स्थानीयस्तरमा संकलन गरी गाँउपालिका वाहिर निकासी हुने जडिवुटीको संकलन तथा निकासीका लागि गाँउपालिकाले आफनो अधिकार क्षेत्र भित्र कर दस्तुर लगाईने नीति अवलम्वन गरिने छ।
- कर प्रशासनलाई चुस्त दुरुस्त बनाउन प्रविधिमा आधारित प्रणाली अवलम्बन गरिनेछ। स्थानीय स्थायी राजश्वका स्रोतको खोजी गरिनेछ।
- राजश्व प्रशासन सुधारका लागि गाउँपालिका कर्मचारी, वडा सचिव र सहायक कर्मचारीको क्षमता अभिवृद्धि गर्दै लगिनेछ।
- फजुल र अनुत्पादक खर्चलाई कटौती गरी चालू खर्चमा मितव्ययीता कायम गरिनेछ।
- उपभोक्ता समितिलाई पेश्की दिने प्रणालीलाई निरुत्साहित गरी कामको मल्यांकनको आधारमा भुक्तानी दिने नीति लिइनेछ।
- हालसम्मको वेरुजु पहिचान गरी पेश्की फर्छयौट गर्नको लागि लेखा समितिलाई सक्रिय वनाइ अघि बढाइनेछ।

### ९ *.सुशासन सम्बन्धि नीति*

- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकासका लागि तालिम सञ्चालन गरिनेछ।
- गाँउपालिकावाट भए गरेका कार्यहरुमा पारदर्शिता कायम गर्न सम्पादित कृयाकलाप निरनतर रुपमा कार्यालयको वेभसाईट मार्फत सार्वजनिक गरिने छ।
- गाउँपालिकामा स्थायी संरचना रहने कर्मचारीहरुलाई सुशासनको प्रत्याभूति जनतामा पुऱ्याउने कार्यका लागि आवश्यक रुपमा मौद्रिक र गैर मौद्रिक प्रोत्साहन प्रदान गरिनेछ।
- स्थानीय तहलाई संविधान प्रदत्त अधिकार क्षेत्रका विषयमा आवश्यक पर्ने कानूनहरु आगामी आ.व. मा प्राथमिकताका साथ तर्जुमा गरिने छ।
- कर्मचारीहरुको कामलाई मर्यादित एवम् अनुशासित बनाउन कर्मचारी आचारसंहिता तयार गरी लागू गरिनेछ। गुनासो सुन्ने अधिकारी, सूचना पाटी, नागरिक वडापत्र, सामाजिक परिक्षण, सार्वजनिक सुनुवाईलाई निरन्तरता तथा प्रभावकारी रुपमा कार्यान्वयनमा ल्यइनेछ।
- गाउँपालिकाबाट वितरित हुने सबै किसिमका भुक्तानीहरु बैंक खाता मार्फत् भुक्तानी दिइनेछ। बैंक खाता नभएका उपभोक्ता समितिसँग गाउँपालिकाले कारोवार गरिने छैन।
- गाउँसभाबाट स्वीकृत भौतिक निर्माण सम्बन्धि योजनाहरु प्राविधिक दृष्टिकोणबाट गर्न सम्भव नदेखिएको अवस्थामा बाहेक संशोधन गरिने छैन।
- वर्षको अन्त्यमा वजेट सक्ने परिपाटिको अन्त्य गर्न गाउँसभाबाट स्वीकृत भौतिक निर्माण सम्बन्धि योजनाहरु पहिलो चौमासिक भित्र कार्यन्वयन प्रक्रियामा लगिनेछ।
- उपभोक्ता समितिको कार्य गुणस्तरीय तथा छिटो छरितो बनाउन गाउँ कार्यपालिकामा सम्झौता पश्चात् अन्य प्राविधिक मूल्याङ्कन अनुगमन लगायतका कार्य वडामा केन्द्रित गरी उपभोक्ता कार्यालय धाउने प्रचलनलाई कम गरिनेछ।
- सामाजिक सुरक्षा भत्ता लगायतका कार्यक्रमलाई पूर्णरुपमा बैंकिङ प्रणाली मार्फत् वितरण गर्ने व्यवस्था मिलाइनेछ।

- गाउँपालिका स्तरीय न्यायिक समितिद्धारा गाउँमा हुने विभिन्न किसिमका विवाद समाधानका लागि मेलमिलाप र मध्यस्थता गरिनेछ । वडास्तरमा समेत मेलमिलाप सम्बन्धि कार्यक्रमहरु सञ्चालन गरी सहजीकरण गरिनेछ ।
- विभिन्न शाखाहरुको लागि आवश्यक पर्ने प्राविधिक सामग्रीहरु थप गरी सेवालाई प्रभावकारी बनाइनेछ ।
- गाँउपालिका र वडा कार्यालयविच सिधा विद्युतिय सम्पर्क कायम गर्न नेटवर्किङको कार्य आगामी आ.व. मै सम्पन्न गरिने छ ।
- गाउँपालिकाको नयाँ प्रशासनिक भवनलाई भौतिक पूर्वाधार सम्पन्न बनाइनेछ ।

अध्यक्ष महोदय,संघीयता लागू भए पश्चात् र स्थानीय सरकारको व्यवहारिक अभ्यासका प्रारम्भिक चरणको निर्वाचित जनप्रतिनिधिहरुको पहिलो कार्यकाल भएका कारणले पनि अधिकांश समय पद्धति निर्माण र सिकाईमा विताउनु परेको अवस्था छ । गाँउपालिका शासन पद्धति संचालनको लागि पद्धतिको सुरुआत सँगै अव वामे सर्ने प्रकृयामा भएका कारण आगामी दिनहरुमा विकास र शासनका कृयाकलापहरुको गति अलि तिव्र हुने देखिन्छ । सानतिना कामको लागि जिल्ला धाउनुपर्ने बाध्यतामाकमी आएको महशुस  गरिएको छ । गत तथा चालू आर्थिक वर्ष कोरोना कहरका कारण थप कष्टकर रह्यो । साथै, अहिलेसम्मकै ठूलो प्राकृतिक प्रकोपका कारण क्षतिग्रस्त यस गाउँपालिकाका विभिन्न स्थानमा उद्धारकार्यमा खटिनुहुने सम्पूर्ण व्यक्तित्वहरुमा धन्यवाद ज्ञापन गर्दछु । यस विशिष्ट अवस्थामा पनि गाँउपालिकाका कृयाकलाप संचालन गर्न र रोगको संक्रमण नियन्त्रणको सहकार्यमा सहयोग र साथ दिनुहुने सवैमा पुन धन्यवाद दिन चाहन्छु ।

मैले माथि सक्षेपमा प्रस्तुत गरेको यस गाँउपालिकाको वार्षिक नीति तथा कार्यक्रमको सफल कार्यन्वयनका लागि सवै क्षेत्रवाट उल्लेखनिय सहयोग र सद्भावको पूर्ण आशा गरेको छु ।

गाँउपालिकाको यस नीति र कार्यक्रम तर्जूमा गर्न मार्गदर्शन गर्ने नेपाल सरकारका निकायहरु, प्रदेश सरकार, स्थानीय जनता, गाँउपालिकाका जनप्रतिनिधिहरु लगायत सवैप्रति आभार प्रकट गर्न चाहन्छु ।

यस नीति तथा कार्यक्रम तयार पार्न अहोरात्र खटिनुहुने गाँउपालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सवै कर्मचारी मित्रहरुमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्तमा गाउँपालिकाको श्रीवृद्धिका लागि गाउँपालिकावाट संचालित सवै कार्यक्रम तथा कृयाकलापको सफल कार्यन्वयनमा सवैको सधैं साथ र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

**कान्छा घले**
**अध्यक्ष**
**मनाङ ङिस्याङ गाँउपालिका**
**हुम्डे, मनाङ**

**मिति २०७८ असार १० गते**